आज मिति २०७५ चैत्र २ गते शनिबार दिन बिहानको ७:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ६७ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री जय थापा मगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री कर्ण बहादुर श्रेष्ठ | सदस्य | |
| ६. | ४ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री सानुबाबु श्रेष्ठ | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री टीकाराम ज्ञवाली | सचिव | |

**अन्य उपस्थिती :-**

१. वरिष्ठ अधिकृत श्री दिपक कुमार के.सी.

२. क.अ. श्री गीता तामाङ

मिति २०७५/१२/१ गते नगर प्रमुखज्यूबाट मिति २०७५/१२/२ गते नगर कार्यपालिकाको ६७ औं कार्यपालिका बोर्ड बैठकमा पेश गर्न आदेश भई नगरकार्यपालिका बाट निर्णयका लागी पेश भएका विषयहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

## तपसिल

| सि नं | विषय | कानूनमा उल्लेख भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १ | विद्यालय शिर्षकको बजेट खर्च सम्बन्धमा । | | • यस दक्षिणकाली नगरपालिकाको दोश्रो नगरसभाबाट स्वीकृत वार्षिक नगर विकास योजनाको व.शी.नं २५३११ बाट विभिन्न विद्यालयहरुको लागी चालु आ.ब.मा विनियोजन भएको रकमका सम्बन्धमा भौतिक पूर्वाधारको हकमा बजेट सीमा भित्र रही ल.ई. र मुल्याङ्कनको आधारमा भुक्तानी दिने र विद्यालयका शिक्षकहरुको दरबन्दी कम भएको र शिक्षाको गुणस्तर सुधार गर्न पारिश्रमिक भुक्तानी गर्नु पर्ने अवस्थामा विद्यालय व्यवस्थापन समितिको निर्णय र विद्यालयको अनुरोधमा शिक्षकको पारिश्रमिक भुक्तानी दिने। साथै दक्षिणकाली नगरपालिकाको शिक्षा ऐन २०७५ को दफा १८ बमोजिम गठित शिक्षा अनुगमन समितिले यस नगरपालिकाबाट निकासा भएको बजेट तथा कार्यक्रमका एवं विद्यालय शिक्षाको अवस्थाको सम्बन्धमा अनुगमन गरि प्रतिवेदन दिने निर्णय गरियो । |
| २ | ढुङ्गा, बालुवा, माटो जस्ता खानी जन्य वस्तु व्यवस्थापन सम्बन्धमा । | | • यस दक्षिणकाली नगरपालिकाको ढुङ्गा, बालुवा, माटो जस्ता खानी जन्य वस्तुको व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ मा व्यापक छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो। |
| ३ | प्राकृतिक श्रोत निकासी कर सम्बन्धमा । | | • यस दक्षिणकाली नगरपालिकाकाको कार्यालय, फर्पिङ र चौकोटदेवी कन्स्ट्रक्सन प्रा.लि. दक्षिणकाली नगरपालिका काठमाडौं — ३ बिच मिति २०७५/७/७ मा भएको वालुवा, माटो, ग्रावेल तथा ढुङ्गाको प्राकृतिक श्रोत निकासी कर रु ३,६०,००,०००।— (तीन करोड साठी लागत) भ्याट बाहेकको सम्बन्धमा भएको ठेक्का सम्झौता सम्बन्धमा छलफल गरी उक्त ठेक्का सम्झौता अनुमोदन गर्ने । |

| | | | |
|---|---|---|---|
| ४ | विविध | | • मिति २०७५/१०/१३ गतेका दिन फोहोर मैला व्यवस्थापनका लागी नगर प्रमुख ज्यूको संयोजकत्वमा बसेको बैठकबाट फोहोर मैला व्यवस्थापनका लागी कार्य योजना बनाउन तोकिएको पदाधिकारीहरुमा निम्नानुसारको कार्यापलिका सदस्यहरुलाई समेत थप गरि यस नगरपालिकाको सरसफाई तथा फोहोर व्यवस्थापन कार्यविधि तयार गरि आगामी बैठकमा पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो ।<br>**<u>तपसिल</u>**<br>१० श्री हरि प्रसाद तिमल्सेना<br>२० श्री निर्मला मंग्राती<br>• द.न.पा. -३ हात्तिवन क्षेत्रको पर्यटकीय पूर्वाधार विकास गर्न डि.पि.आर. तयार गर्ने र सो कार्यको लागी समपुरक कोषबाट रु. ५,००,०००।- ९पाँच लाख० खर्च गर्ने निर्णय गरियो । |